राजधानी, २०७३/२/२९

# लिपिङ खोलाको विद्युत् खरिद गर्ने सम्झौता

नेपाल र चीनको बोर्डर नजिकै सिन्धुपाल्चोक जिल्लाको तातोपानी गाविस स्थित लिपिङ खोलामा १६ दशमलव २६ मेगावाटको हाइड्रोपावर हिमरिभर पावर कम्पनीले निर्माण गर्ने भएको छ । यो परियोजनाको नेपाल विद्युत् प्राधिकरणसँग शुक्रबार विद्युत् खरिद बिक्री सम्झौता भएको हाइड्रोपावर कम्पनीका प्रबन्ध सञ्चालक रामकाजी पौडेलले जानकारी दिए ।

उनका अनुसार स्वदेश पुँजी र स्रोतमा निर्माण हुने हाइड्रोपावरको कार्य चाँडै नै सुरु हुनेछ । २०७७ वैशाखमा उत्पादन सुरु गर्ने लक्ष्य लिइएको हाइड्रोपावरमा ३ अर्ब रुपैयाँ लागत लाग्ने कम्पनीले जानकारी दिएको छ । परियोजनामा ७० प्रतिशत बैंक ऋण र ३० प्रतिशत इक्विटी सेयर लगानी गरिने जनाइएको छ ।

लामोसाँघुमा रहेका सबस्टेसनमा उत्पादित विद्युत् जोडी राष्ट्रिय प्रसारणमा जोडिने पौडेलले बताए । यसभन्दा अगाडि पनि विभिन्न परियोजनाको निर्माण सम्पन्न गरी विद्युत् उत्पादन गरिसकेकाहरू प्रवद्र्धक रहेकाले सो परियोजना समयमा सम्पन्न गर्न सक्षम रहेको दाबी गरिएको छ । हिमनदी र पर्याप्त पानीको स्रोत रहेको सो परियोजनामा हिउँदको समयमा पनि धेरै मात्रामा विद्युत् उत्पादन हुने पौडेलले जानकारी दिए ।

अभियान,  २०७३/२/२९

## बन्ने भो लिपिङ् खोला जलविद्युत आयोजना

सिन्धुपाल्चोक जिल्लाको तातोपानी गा.वि.स. स्थित लिपिङ् खोलामा १६ मेगावाटको जलविद्युत आयोजना निर्माण हुने भएको छ । नेपाल र चीनको सीमा नजिकै रहेको उक्त खोलामा हिमरिभर पावर कम्पनीले १६ दशमलव २६ मेगावाटको आयोजना निर्माण गर्ने भएको हो ।

परियोजनाको नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता भएको आयोजनाका सञ्चालक रामकाजी पौडेलले बताए । पौडेलका अनुसार स्वदेशी पूँजी र श्रोतमा निर्माण हुने आयोजनाको निर्माण कार्य चाँडै नै शुरु हुन लागेको छ । २०७७ वैशाखमा उत्पादन शुरु गर्ने लक्ष्य लिईएको आयोजनामा  रू. ३ अर्ब लागत लाग्ने अनुमान गरिएको छ । परियोजनामा ७० प्रतिशत बैङ्क ऋण र ३० प्रतिशत ईक्विटी शेयर लगानी गरिने कम्पनीले बताएको छ ।

उत्पादित विद्युत लामोसाँगुमा रहेको सवस्टेशनमा जोडी राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ । यसभन्दा अगाडि पनि विभिन्न परियोजना निर्माण गरिसकेकेकाहरुको संलग्नता रहेका कारण परियोजना समयमै सकिने विश्वास लिइएको छ । हिमनदी र पर्याप्त पानीको श्रोत रहेको सो परियोजनामा हिउँदको समयमा पनि उत्तिकै मात्रामा विद्युत उत्पादन हुने छ ।

नागरीक, २०७३/२/२९

# माथिल्लो कर्णाली जलविद्‌युत आयोजनाको विरोधमा चर्काचर्की

*गोविन्द केसी*

संसदको कृषि तथा जलस्रोत समितिका सभापति गगन थापा सहित सदस्यहरु सहभागी एक कार्यक्रममा दैलेखका साना दलका नेता/कार्यकर्ताहरुले चर्को रुपमा विरोध गरेका छन्।
कार्यक्रम सुरु हुनसाथ उनीहरुले माथिल्लो कर्णालीको भारतीय कम्पनीलाई दिन लागेको भन्दै त्यसको विरोध गरेका हुन्।

कार्यक्रम सुरु लगतै संसद छलेर घुमाउरो बाटोबाट आयोजनालाई भारतीय कम्पनीलाई हस्तान्तरण गरेको भन्दै राष्ट्रिय जनमोर्चाका सचिव कविराज खत्रीले भने, 'आयोजना तत्काल बनेस् तर, राष्ट्र हितमा होस् भनेर आफुहरुले विरोध गरेका हौ।' जनता र राष्ट्रको हितमा जिएमआरसंग सम्झौता भए विरोध नगर्ने समेत उनले बताए। उनले निसर्त भारतीय कम्पनीलाई कर्णाली दिन लागेको भन्दै कडा रुपमा विरोध गरे। लगातार मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, नेकपा माओवादी, नेकपा क्रान्तिकारी माओवादी लगायत दलहरुका नेताहरुले एकपछि अर्को गर्दै माथिल्लो कर्णालीको विषयमा आफ्ना विरोधी भनाईहरु राखे। नेपाल मजदुर किसान पार्टीका उपाध्यक्ष रत्नेश श्रेष्ठले लगानी बोर्ड दलाली बोर्ड भएकाले तत्काल खारेज गर्नु पर्ने सुझाव संसदको कृषि तथा जलश्रोत समितिसंग माग राखे। आफुहरु जिएमआरसंग भएको राष्ट्रहित विपरित भएका सम्झौता नसच्चाएसम्म विरोध जारी रहने श्रेष्ठले बताए।

प्रभावित क्षेत्रका निश्चित मान्छेहरुले मात्र पीडिए आयोजनाका बारेमा थाहा पाएपनि वरपर कसैले पनि थाहा नपाउनु दुर्भाग्य भएको नेकपा माओवादी (विप्लव) दैलेखका सचिव कलम विकले बताए । उनीहरु शनिवार दैलेख सदरमुकाममा भएको कार्यक्रममा समितिका सभापति सहितको टोलीलाई विरोधी भाषण सुनाएका हुन। कर्णालीको नाममा वर्षैनी कार्यक्रम मात्र गरेर नहुँने भन्दै काँग्रेसका दैलेख क्षेत्र नम्वर १ का सभापती गणेश उपाध्ययले गति लिन नसक्नु दुखद विषय भएको बताए। उनले कर्णालीकै नाममा निश्चित मान्छेहरु मोटाउने खेल भईरहनु दुखद कुरा भएको बताए। कार्यक्रमा काँग्रेस, एमाले र माओवादी (केन्द्र) का जिल्ला नेताहरुले मध्यमार्गी रुपमा सुझाव दिएका थिए । समितिका सभापति गगन थापाले समितिका बहुमत सदस्यहरुले पीडिए सुधार गरी छिटो सार्वजनिक गर्न निर्देशन दिएको बताए। 'स्थानीय जनतालाई मार नपर्ने गरी आयोजना बन्नुपर्छ ।' सभापति थापाले भने, 'मुआब्जा शेयर लगायत कुराहरुमा स्थानीयहरुलाई फाईदा हुने गरि हुनुपर्छ।'

नयाँ पत्रिका, २०७३/२/३०

# मध्यभोटेकोसी आयोजना निर्माणमा दबाब

**रामकृष्ण थापा**

जिल्लाकै सबैभन्दा ठूलो जलविद्युत् आयोजना मध्यभोटेकोसीलाई विभिन्न क्षेत्रबाट रकम माग गर्दै धम्की आउन थालेपछि निर्माणमा बाधा परिरहेको छ । विगतमा धाकधम्की दिएर रकम माग्न आउनेलाई आयोजनाका कर्मचारीले नै पैसा दिने गरेकोले सोही प्रवृत्ति अहिले पनि दोहोरिएको हो ।

**राजनीतिक संयन्त्रको एकाधिकार**

आयोजना निर्माणलाई आवश्यक पर्ने सामान ठेक्का प्रणालीबाट आयोजनास्थलसम्म ढुवानी गर्दा राजनीतिक संयन्त्रले एकाधिकार लादेका कारण पनि प्रभावित क्षेत्रका स्थानीयले काम दिन दबाब दिने गरेका छन् । राजनीतिक संयन्त्रमा संलग्न भएका व्यक्तिले प्रभावित क्षेत्रका बासिन्दालाई भन्दा बाहिरियालाई सामान आपूर्तिको जिम्मा दिने गरेकाले आयोजनालाई अहिले चौतर्फी दबाब पर्न थालेको हो ।

**गुन्डागर्दी शैलीमा रकम माग**

कतिपय गुन्डाले विनाकाम मासिक तलब माग्ने गरेको कार्यालयका कर्मचारीले बताएका छन् । भूकम्पअघि निर्माणलाई तीव्रता दिन र विभिन्न क्षेत्रबाट आउने बाधा हटाउन गुन्डागर्दी शैलीमा रकम माग्नेलाई आयोजना प्रमुखले पैसा दिने गरेका थिए ।

विगतझैँ त्यस्ता व्यक्तिले पुन: रकम माग गरेर दु:ख दिन थालेपछि निर्माणमा समस्या उत्पन्न भएको छ । 'राजनीतिक संयन्त्रले नै सबै समस्याको हल गर्ने हो,' धम्की दिएर रकम माग्ने समस्या लुकाउन खोज्दै आयोजना प्रमुख सुनीलकुमार लामाले भने, 'समस्या छन्, तर विगतजस्तो अहिले छैन ।'

**कमिसन खाने र आयोजना प्रभावितबीच कुटाकुट**

निर्माणाधीन विभिन्न साइटमा डिजेलपेट्रोल, सिमेन्ट र फलामे रड ल्याउँदा विवाद हुने गरेको छ । ठेकेदारबाट कमिसन खाने व्यक्ति र प्रभावित स्थानीयबीच कुटाकुटको स्थितिसमेत सिर्जना हुने गरेको छ । आयोजनाका कर्मचारी, राजनीतिक संयन्त्र र प्रभावित क्षेत्रका बासिन्दाबीच दिनहुँजसो हुने विवादले आयोजनाको काम प्रभावित भएको हो ।

भूकम्पले क्षतिग्रस्त आयोजनामा हुने गरेका पछिल्लो गतिविधि कम्पनीको नियन्त्रणमा नभएकाले कतिवेला के दुर्घटना हुन्छ भन्न सकिने अवस्था छैन । आयोजना प्रमुखमाथि नै सार्वजनिक स्थलमा कुटपिट हुन थालेपछि निर्माणमा रहेका सबै डराइरहेका छन् ।

राजनीतिक संयन्त्रमा रहेका कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपाका नेताहरू क्रमश: विष्णुबहादुर खत्री, निम्फुन्जो शेर्पा, सरल सहयात्री पौडेल र सभासद् रमेश लामाले प्रभावित क्षेत्रका बासिन्दाको मागलाई बेवास्ता गरेपछि समस्या आउन थालेको माओवादी केन्द्रका जिल्ला उपाध्यक्ष लालकान्छा तामाङ र कांग्रेसका स्थानीय नेता युधीर पौडेलले जानकारी दिए ।

**आयोजनालाई राजनीतिक दबाब**

संयन्त्रमा भएकाले एकाधिकार गर्दै कमिसनतन्त्र लाद्न खोज्ने र बाहिर रहेका तिनै राजनीतिक दलका कार्यकर्ताले विरोध गरिरहेकाले आयोजनाले राजनीतिक र अन्य क्षेत्रको दबाब झेल्नुपरेको हो ।

**लिपिङको  विद्युत् खरिद सम्झौता**

काठमाडौं/ सिन्धुपाल्चोकको तातोपानीमा रहेको लिपिङ खोलामा निर्माण हुने १६.२६ मेगावाटको लिपिङ जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) भएको छ । नेपाल विद्युत् प्राधिकरणसँग आयोजना निर्माण गर्न लागेको हिम रिभर पावर कम्पनीले पिपिए गरेको हो ।

हिम रिभर हाइड्रो पावर कम्पनीले नेपाल र चीनको सीमानजिकै पर्ने लिपिङ खोलामा जलविद्युत् आयोजना अघि बढाउन लागेको हो । यो आयोजनाबाट ०७७ को वैशाखबाट उत्पादन सुरु गर्ने योजना कम्पनीको छ ।

हिम रिभर हाइड्रो पावर कम्पनीका प्रबन्ध निर्देशक रामकाजी पौडेलका अनुसार कम्पनीले छिट्टै नै आयोजनाको काम अघि बढाउने तयारी गरेको छ । ३ अर्ब रुपैयाँको लागतमा बन्ने आयोजनामा बैंकहरूको ऋृण लगानी ७० प्रतिशत हुनेछ भने बाँकी ३० प्रतिशत ३० प्रतिशत स्वपुँजी (इक्विटी) लगानी हुनेछ । यो आयोजनाबाट उत्पादित बिजुली लामोसाँघुमा रहेको सबस्टेसनबाट राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ ।

नागरीक, २०७३/२/३०

# माथिल्लो कर्णालीमा रेगुलेटिङ ड्याम आवश्यक

*लक्ष्मण वियोगी*

माथिल्लो कर्णाली (९ सय मेगावाट आयोजना) को तल्लो तटीय क्षेत्रमा बन्ने तीन सिँचाइ आयोजनामा असर पर्ने हुँदा जिएमआर इनर्जी कम्पनीले रेगुलेटिङ ड्याम वा ब्यारेज बनाउनुपर्ने भएको छ। 'कन्सोलिडेटेड म्यानेजमेन्ट सर्भिसेज (सिएमएस)' ले गरेको अध्ययनअनुसार ड्याम बनाउन सुझाइएको हो। नदीको वार्षिक बहाबमा कमी नआए पनि हिउँदमा माथिल्लो कर्णालीको ड्याम थुन्दा फेब्रुअरी, मार्च र अप्रिल महिनामा पानी कम हुने अध्ययनले देखाएको छ। आयोजना विकास सम्झौता (पिडिए) अनुसार सिँचाइमा पर्ने असर कम गर्न जिएमआरले नै रेगुलेटिङ ड्याम बनाउनुपर्छ।

सिँचाइ विभाग र माथिल्लो कर्णाली बनाउने जिम्मा लिएको जिएमआरले प्रभावित क्षेत्रको अध्ययन सिएमएस कम्पनीबाट गराउने निर्णय गरेका थिए। सिएमएसले सिँचाइ आयोजनामा असर पर्ने हुँदा ड्याम वा ब्यारेज बनाउन सुझाव दिएको विभागका महानिर्देशक रामानन्दप्रसाद यादवले बताए। आयोजनाको तल्लो तटमा रानीजमरा कुलरिया, राजापुर र सूर्यपटुवा सिँचाइ आयोजना पर्छन्। तीमध्ये रानीजमराको निर्माण भइरहेको छ।

'विद्युत उत्पादन गर्न माथि बाँध बनाउँदा तीन वटै सिँचाइ आयोजनामा पानी नपुग्ने देखियो,' उनले आइतबार नागरिकसँग भने, 'ड्याम बनाउनुको विकल्प छैन तर यो सरकार वा भारतीय कसले कम्पनीले बनाउने भन्ने स्पष्ट भएको छैन।' उनका अनुसार रानीजमराबाट ३८ हजार ३ सय, राजापुरबाट १५ हजार र सूर्यपटुवा सिँचाइ आयोजनाबाट २५ सय हेक्टरमा सिँचाइ पुर्‍याउने लक्ष्य छ।

कैलालीको चिसापानीस्थित कर्णाली नदीको छेउमा बनिरहेको रानीजमरा आयोजनाको केही तल ड्याम बनाउनुपर्ने विभागका अधिकारी बताउँछन्। विभागका अनुसार राजापुर र सूर्यपटुवा सिँचाइ आयोजनामा समेत पर्याप्त पानी पुर्‍याउन ब्यारेज वा ड्याम निर्माणको विकल्प छैन। यसका लागि जिएमआर वा भारतीय सहयोग लिनुपर्नेछ।

जिएमआरसँग २०७१ असोज ३ मा पिडिए हुँदा तल्लो तटीय क्षेत्रमा पर्ने असरबारे अध्ययन गर्ने र आवश्यक परे रेगुलेटिङ बनाउनुपर्ने उल्लेख छ। आयोजना निर्माणसँग सम्बन्धित ऊर्जा, अर्थ, कानुन, वन, वातावरण, भूमिसुधार, गृह, सिँचाइ मन्त्रालय र जल तथा ऊर्जा आयोगले आयोजनाबाट हुने क्षति यकिन गर्न पनि प्रभावित क्षेत्रको वातावरणीय अध्ययन गर्नुपर्ने सुझाएका थिए।

जिएमआरले विभागसँग सहकार्य गरी यस्तो अध्ययन गर्नुपर्ने पिडिएमै किटान गरिएको छ। सम्झौताको ६ महिनाभित्र तल्लो तटका सिँचाइ आयोजना, वातावरणीय र जैविक क्षेत्रमा पर्ने असरको अध्ययन गरी

प्रतिवेदन बुझाउनुपर्ने पिडिएमा उल्लेख भए पनि जिएमआरले डेढ वर्षपछिमात्र (गत चैतमा) बुझाएको थियो।

सिएमएस कम्पनीले दिएको प्रतिवेदन दुई साताअघि सिँचाइ मन्त्रालयमा पठाइएको विभागका प्रवक्तासमेत रहेका उपमहानिर्देशक अशोक सिंहले जानकारी दिए। 'माथिल्लो कर्णाली नदी प्रवाही (आरओआर) आधारमा बनाउँदा सिँचाइमा असर पर्दैन,' उनले भने, 'वर्षैभरि बग्ने पानीको परिमाण समान हुने भए पनि आयोजना 'पिकिङ' गर्दा असर पर्ने देखियो, यसको व्यवस्थापन गरेरमात्र विद्युत आयोजना बनाउनुपर्ने हुन्छ।'

विभागले दुई साताअघि नै प्रतिवेदन पठाएको दाबी गरे पनि मन्त्रालयका सहसचवि माधव बेल्बासेले गत बिहीबारमात्र प्राप्त भएको बताए। 'भर्खरै प्रतिवेदन आएकाले अध्ययन गर्न बाँकी छ, विभागको स्पष्ट धारणा पनि नआएकाले निचोडमा पुग्न समय लाग्छ,' उनले भने, 'विद्युत आयोजना बनाउँदा सिँचाइमा असर पर्न हुँदैन भन्ने नै हाम्रो जोड हो।'

जिएमआरले पहिलो चरणमा दैनिक ६ घन्टा पानी थुन्ने (पिकिङ) र दोस्रो चरणमा बढीमा ५ घन्टासम्म थुनेर आयोजना बनाउने सर्त अघि सारेको थियो। यी दुवै सर्तमा बनाउँदा पनि सिँचाइ आयोजनामा पानी नपुग्ने सिंहले बताए। उनका अनुसार ड्याम वा ब्यारेज बनाउन करिब १० अर्ब रुपैयाँसम्म खर्च हुनेछ।

मन्त्रालयमा अनुपकुमार उपाध्यायको सरुवा भएर गजेन्द्रकुमार ठाकुर सचिव नियुक्त भएकाले प्रतिवेदन अध्ययन गरी आधिकारिक धारणा तय गर्न समय लाग्ने देखिएको छ। केन्द्रदेखि प्रभावित क्षेत्रसम्म माथिल्लो कर्णालीको विरोध गर्ने व्यक्ति सक्रिया भइरहँदा सरकारको ढिलासुस्तीले उनीहरुलाई थप बल पुग्ने भएको छ।

जिएमआर र यसका कर्मचारी पनि आयोजना क्षेत्रका केही विरोधी कार्यक्रम देखाइ निर्माण प्रक्रिया लम्ब्याउन खोजिरहेको लगानी बोर्डका अधिकारी बताउँछन्। जिएमआरले कर्णाली बने पनि त्योभन्दा तल पश्चिम सेती र भेरी नदी मिसिने हुँदा सिँचाइमा पानी अभाव नहुने तर्क गर्दै आएको थियो। तर, पानीको उपलब्धता हुने भए पनि सिँचाइका आवश्यक बहाब तह (लेबल) घट्ने हुँदा रेगुलेटिङ ड्याम चाहिनमा जोड दिइएको थियो।

आयोजना निर्माण प्रक्रिया सुरु गर्न पहिलो पटक सन् २००८ मा जिएमआर र सरकारबीच समझदारी भएको थियो। असोज ३ गतेभित्र जिएमआरले वित्तीय स्रोत जुटाउन नसके आयोजना छोड्नुपर्छ। तर, अहिले जिएमआर समय लम्ब्याउने र काबुबाहिरको परिस्थिति सिर्जना गराई क्षतिपूर्ति असुल्ने दाउमा छ।

आयोजना निर्माण गर्न नपाए वा निरन्तर २१ दिनसम्म काम रोकिए सरकारले प्रवर्द्धकलाई उसको लगानी र त्यसबाट आउने प्रतिफल हिसाब गरी क्षतिपूर्ति तिर्ने प्रावधान पिडिएमा छ। आयोजना छोड्ने अवस्था नरहे विभिन्न निकायले गरेको विरोधका कारण निर्माणमा असर परेको भन्दै क्षतिपूर्ति दाबी गरिरहने सम्भावना पनि बढेको छ। पिडिएको सात वर्षभित्र आयोजना पूरा गर्नुपर्ने सम्झौतामा उल्लेख छ। आयोजनाबाट जिएमआरले निःशुल्क १२ प्रतिशत (१०८ मेगावाट) बिजुली र २७ प्रतिशत सेयर दिनुपर्ने सम्झौता छ।

नयाँ पत्रिका, २०७३/२/३०

# यस्ता छन् जलविद्युत् निर्माणका सम्भावना र चुनौती

जलविद्युत् क्षेत्रमा २० वर्षदेखि काम गर्दै आएका कृष्णप्रसाद दुलाल बजेटमा उल्लेख भएअनुसार १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन हुनेमा विश्वस्त छन् । नेपालबाट सिभिल इन्जिनियरिङ गरेका दुलालले स्विजरल्यान्डबाट जलस्रोत व्यवस्थापनमा स्नातकोत्तर र जापानबाट जलस्रोत व्यवस्थापनमै विद्यावारिधि गरेका छन् । विद्युत् प्राधिकरण सञ्चालकसमेत भइसकेका उनले बजेटमा समावेश जलविद्युत् उत्पादनको सम्भावना र यसमा देखिएका चुनौती यसरी बताए :

**मागअनुसारको सम्भावना**

हामीसँग जलस्रोत अथाह छ । जलविद्युत्को माग पनि छ । त्यसलाई प्रयोग गर्न सकिने यथेष्ट सम्भावना पनि छन् । बजेटले १० वर्षमा १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने उल्लेख गरेको छ । हामीसँग त्यति गर्न सक्ने सम्भावना छ । जलविद्युत्को सम्भावना कति छ भन्ने विषयमा ५० वर्षभन्दा अघि ८३ हजार मेगावाट भनिएको थियो । हालै पनि एउटा अध्ययन भइरहेको छ । यसको नेतृत्व मैले नै गरिरहेको छु । यसको प्रारम्भिक नतिजा आइसकेको छ । त्यसबाट पनि हामीसँग विद्युत् उत्पादनको प्रशस्त सम्भावना छ भन्ने देखिन्छ ।

**ऊर्जा मिश्रणबाट उत्पादन**

अहिले ऊर्जा मिश्रणको कुरो पनि आएको छ । ऊर्जा मिश्रणबारे पहिले–पहिले प्राविधिक मान्छेले मात्र भन्थे । अहिले सरकारी योजनामा पनि ऊर्जा मिश्रण परेको छ । उनीहरूले पनि यो बुझेका छन् । नदीको बहावमा आधारित जलविद्युत् आयोजनालाई रन अफ रिभर भनिन्छ । त्यस्तै, जलाशययुक्तलाई स्टोरेज आयोजना भनिन्छ । यो दुईवटाको मिश्रण गरेर अघि बढ्नुपर्छ । भर्खरै आएको बजेटले पनि ६ हजार मेगावाट रन अफ रिभर र स्टोरेज आयोजना ४ हजार मेगावाटको बनाइने भनेको छ । त्यस्तै, केहीअघि घोषणा भएको ऊर्जा संकटमा पनि ऊर्जा मिश्रण गरेर अघि बढ्ने घोषणा भएको छ । यसमा जलाशययुक्त आयोजना ४० देखि ५० प्रतिशत, रन अफ रिभर २५ देखि ३० प्रतिशत, पिकिङ रन अफ रिभरलाई १५ देखि २० प्रतिशत र वैकल्पिक ऊर्जालाई ५ देखि १० प्रतिशत मिलाएर अघि बढ्ने भनिएको छ । अहिलेसम्म जति आयोजना बनेका छन्, ती सबै रन अफ रिभरमा मात्र आधारित छन् । त्यसैले जलाशय मात्र बनाउँदा पनि यसमा बजेटले भनेअनुसार ६०:४० प्रतिशतको अनुपातमा पुग्न सक्छ ।

**प्राथमिकतामा जलविद्युत्**

जलविद्युत् क्षेत्र अहिले आएर सरकारको प्राथमिकतामा परेको छ । अहिलेको बजेट हेर्दा सबैभन्दा बढी भूकम्पपछिको पुनर्निर्माण र त्यसपछि जलविद्युत्लाई छुट्याइएको छ । सरकारमा रहेर योजना तर्जुमा गर्नेहरूले नै जलविद्युत् प्राथमिकतामा राख्नुपर्ने विषय हो भनेर बुझेकाले पनि आगामी वर्षमा जलविद्युत्लाई बजेट पनि यथेष्ट छुट्टिन्छ र सरकारले परिकल्पना गरेअनुसार १० वर्षमा १० मेगावाट विद्युत् उत्पादन सहजै गर्न सकिनेजस्तो लाग्छ । बजेटले समृद्धिका लागि जलविद्युत् भनेको छ । यसले समृद्धि चाहने हो भने जलविद्युत्मै जानुपर्छ भन्ने सन्देश दिएको छ । अर्को घर–घरमा बिजुली, जनजनमा सेयर भनिएको छ । यसले जलविद्युत् सरकार एक्लै मात्रले होइन, सर्वसाधारणलाई पनि सहभागी बनाएर बनाउनुपर्छ भन्ने सोच रहेको देखिन्छ । अहिले बनिरहेका आयोजना पनि जनताको पैसाले बनेका छन् । तर, सबै जनतालाई सम्बोधन गर्ने गरी अहिले पनि भएको छैन । सरकारले ५१ प्रतिशत सरकार पक्ष र ४९ प्रतिशत जनताको रकम संकलन गरेर आयोजना बनाउने भनिएको छ । यो नारालाई त्यसले सम्बोधन गर्छ र ठूलो मात्रामा रकम उठाउन सहयोग गर्छ ।

**त्रिदेशीय मैत्री आयोजना**

ठूला परियोजना नेपाल, चीन र भारत तीनै मुलुक मिलेर निर्माण गरिनुपर्छ । १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानी आयोजना त्रिदेशीय मैत्री आयोजनाका रूपमा विकास गरिने भनी अहिलेको बजेटमा उल्लेख छ । यो आयोजना सफल भए सरकारले कल्पना गरेको मोडेलमा चीनबाट लगानी ल्याउन सकिन्छ । आफूलाई चाहिएभन्दा बढी भारतमा बिजुली बिक्री गर्न सकिन्छ । त्यसैले यो योजना सफलतातिर गए आगामी १० वर्षमा एउटा आयोजनाले मात्रै १० हजार मेगावाट पुर्‍याउन सक्छ । कार्यान्वयन पक्ष हेर्न बाँकी नै छ । तर, सरकारको योजनामा सम्भावना पक्कै छ ।

**समस्याको पहिचान**

जलविद्युत् उत्पादन क्षेत्रमा रहेका समस्याको पनि पहिचान भएको छ । लामो समयदेखि आयोजना निर्माताले समस्या भोगिरहेका थिए । अहिले त्यसको पहिचान गरिएको देखिन्छ । करिब ३ महिनाअघि ऊर्जा संकटकाल लगाउने घोषणा भएको थियो । त्यसवेला आयोजनाका समस्या पहिचान गरिएको छ । आयोजनाका समस्या समाधान कसरी गर्ने भनी पनि उल्लेख गरिएको छ । आयोजनाले भोगेका धेरैजसो समस्या वातावरण, वन, जग्गा प्राप्ति, पिपिए, प्रसारण लाइनसँग सम्बन्धित छन् । यस्ता समस्यालाई छुट्टै व्यापार कम्पनीमार्फत बिजुली बजारमा लैजानुपर्छ । आन्तरिक होस् वा बाह्य व्यापार यसैले गर्नुपर्छ भनेर ऊर्जा संकटकालमा पनि छलफल भएको छ । त्यस्तै, प्रसारण लाइन कम्पनी पनि छुट्टै हुनुपर्छ भनेर निर्णय भइसकेको छ । तर, कार्यान्वयनमा आएको छैन । अहिले जति नेपाल विद्युत् प्राधिकरणलाई अधिकार दिइएको छ । यसले सबैतिर एक्लैले गर्न सम्भव पनि छैन । त्यसैले छुट्टाछुट्टै निकायले गर्नुपर्छ ।

**आयोजना निर्माणमा जनताको सहभागिता**

जनतालाई विद्युत् आयोजना निर्माणमा प्रत्यक्ष संलग्न गराउने नीति आएपछि ठूलो लगानी जुटाउन सकिन्छ । त्यो आयोजनाप्रति जनताको अपनत्व हुन्छ । उसले सुरक्षामा पनि प्रभावकारी भूमिका खेल्छ । सबै जनतालाई सेयरमार्फत सहभागी गराउने नीति लिएर गयौँ भने १० हजार मेगावाट निर्माण गर्दा त्यसको २५ प्रतिशत लगानी जनताबाट उठाउन सकिन्छ भन्ने लाग्छ । अहिले जलविद्युत्प्रति जनताका आकर्षण देखिँदै गएको छ । ५–१० करोडको सेयर आउँदा अर्बभन्दा बढी रकम उठिरहेको छ । जनतासँग पैसा पनि छ र जलविद्युत्प्रति आकर्षण छ । यसबाट पर्याप्त प्रतिफल पाइन्छ, लगानी गर्दा हुन्छ भन्ने जनताको भावनालाई सरकारले सम्बोधन गर्दै कार्यक्रम ल्याएको छ । यसरी गयौँ भने आगामी १० वर्षसम्म आवश्यक लगानी जुटाउने आधार तयार हुन्छ ।

**कुन आयोजना बनाउने ?**

द्विदेशीय आयोजनाका रूपमा रहेको पञ्चेश्वर आयोजना ६ हजार ४ सय मेगावाटको छ । आधा लगानी आधा प्रतिफल भएकाले यसबाट ३ हजार २ सय मेगावाट प्राप्त हुन्छ । त्यस्तै, बुढीगण्डकी आयोजना १ हजार २ सय मेगावाट छ । यसको पनि अध्ययन सकिइसकेको छ । तुरुन्तै निर्माणमा जान सकिन्छ । नलसिंहगाडको पनि अध्ययन सुरु भएको छ, जुन ४ सयभन्दा माथिको छ । सात सय ६० मेगावाटको तमोर पनि अध्ययनका क्रममा छ । पश्चिम सेती सात सय ५० मेगावाटको छ । यसलाई पनि चीनको एक कम्पनीमार्फत अघि बढाउने कुरा भइरहेको छ । अरुण र कर्णाली पनि विदेशीलाई दिइसकिएको छ । यसको पनि ९ सयको दरले १ हजार ८ सय मेगावाट हो । त्यस्तै, अहिले निर्माणाधीन तामाकोसी, चिलिमे कम्पनीले बनाइरहेका आयोजना र निजी क्षेत्रले बनाइरहेका अन्य आयोजना गरी १ हजार ५ सय मेगावाटभन्दा माथि हुन्छ ।

निजी क्षेत्रले मात्र आगामी १० वर्षमा प्रत्येक वर्ष १ सय मेगावाट मात्र थपे पनि १० वर्षमा १ हजार मेगावाट हुन्छ । यी सबै आयोजनालाई हेर्दा सरकार दृढ रूपमा लागे आगामी १० वर्षमा सकिने आयोजना हुन् ।

**आयोजना निर्माणका चुनौती**

अहिलेको लागतअनुसार नै पनि १० हजार मेगावाटलाई २० खर्ब लगानी लाग्छ । त्यो भनेको अहिलेकैअनुसार २ वर्षको बजेट हो । राजस्वको कुरा गर्दा वार्षिक ५ खर्ब छ । त्यो हिसाबले सबै राजस्व लगाँउदा ४ वर्षको राजस्व हो । त्यसैले यति धेरै लगानी उठाउन सजिलो छैन । यसका लागि वैदेशिक लगानी ल्याउनु आवश्यक छ । वैदेशिक लगानी संरक्षणको प्रत्याभूति भने दिलाउनुपर्छ । विद्युत् आयोजना निर्माणका लागि बनेका नीतिनियम विधेयक अड्किएका छन् । जस्तो संशोधित विद्युत् ऐन पास हुन सकेको छैन । विद्युत् नियमन ऐनलगायतका अन्य ऐन पनि पास हुन सकेका छैनन् । यी ऐन संसद्मा वा संसद्मा जाने क्रममा छन् । यी ऐन ल्याएपछि मात्र कानुनी अवरोध हट्छ ।

**संरचनामा सुधार**

अब यो क्षेत्रका ऊर्जा मन्त्रालय, विद्युत् विकास विभाग, जल तथा ऊर्जा आयोग, विद्युत् प्राधिकरणलगायतका निकायको संरचनामा सुधार हुनु जरुरी छ । यिनीहरूले मात्र १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्न आवश्यक सबै प्रक्रिया तयार गर्न सक्दैनन् । यसमा ठूलो सुधार हुनु जरुरी छ । जलविद्युत् क्षेत्रका लागि नेपालमा प्राविधिक जनशक्ति पर्याप्त छैन । हामी नेपालमा वर्षको यति इन्जिनियर निस्कन्छन् भन्छौँ । तर, जलविद्युत् क्षेत्रका लागि तीनजनाको विज्ञापन गर्दा आवेदन पर्दैन ।

यसमा इन्जिनियर नै १ हजारभन्दा बढी आवश्यक हुन्छ । अहिलेसम्म रन अफ रिभर आयोजना मात्र बनाएका छौँ । जलाशययुक्त आयोजना बनाउने जनशक्ति नै छैन । यति ठूला काम गर्दा हामी पर्याप्त अध्ययन–अनुसन्धान नै गर्दैनौँ । हामी हचुवाको भरमा काम सुरु गर्छौं । अध्ययन अनुसन्धानसहित काम सुरु गर्दा झनै सहज हुन्छ । यी चुनौती पार गर्दै जाने हो भने हामी १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्न सक्छौँ ।

अभियान, २०७३/२/३१

# माथिल्लो तामाकोसीको ७९ प्रतिशत कार्य पूरा

राष्ट्रिय गौरवको आयोजनाका रुपमा लिइएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको ७९ प्रतिशत कार्य सम्पन्न भएको छ । विसं २०७३ सालमै सम्पन्न गर्ने लक्ष्य लिइएको तामाकोसी आयोजना भूकम्प र नाकाबन्दीका कारण काम रोकिएपछि एक वर्ष पछि धकेलिएको हो । लामाबगर गाविसमा निर्माण भइरहेको ४ सय ५६ मेगावाट विद्युत् क्षमता भएको सो आयोजना २०७३ सालभित्र सम्पन्न गर्ने बताइएको थियो ।

आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले २०७३ पुसमा काम सम्पन्न गरी उत्पादन गर्ने योजनाको साथ अघि बढिरहेको अवस्थामा भूकम्प र नाकाबन्दीका कारण एक वर्ष ढिलाइ भएको बताए । ‘निर्धारित  समयमै काम सम्पन्न हुन्छ,’ उनले भने । करीब रू. ३५ अर्बमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिए पनि निर्माण सम्पन्न हुँदासम्म रू. ५० अर्ब पुग्ने अनुमान गरिएको छ ।

प्रवक्ता न्यौपानेले हाल लामाबगरमा विद्युत् गृहको कामबाहेक अरु सबै काम सञ्चालन भइरहेको बताए ।  लामाबगर पुुग्ने बाटोमा भूकम्पसँगै आएको पहिरो नरोकिएका कारण काभ्रे भिरबाट लामाबगरको मौरेखोलासम्म ३ सय ६० मिटर लामो सुरुङ निर्माण भइरहेको छ । सुरुङ निर्माणको काम आयोजनाको मुख्य ठेकेदार कम्पन्नी सिनोहाइड्रोले गरिरहेको छ । *रासस*

कारोबार, २०७३/२/३१

# चाइना हाइड्रोले माथिल्लो त्रिशूली २ बनाउने

माथिल्लो त्रिशूली २ जलविद्युत् आयोजनामा चिनियाँ लगानी भित्रने भएको छ । चीन सरकारको स्वामित्वमा रहेको हाइड्रो चाइना कर्पोरेसनले १०२ मेगावाट क्षमताको यो आयोजना अघि बढाउने भएको हो ।

आयोजना निर्माणका लागि कम्पनीले विद्युत् विकास विभागमा उत्पादन अनुमतिपत्र (लाइसेन्स) का लागि जेठ दोस्रो साता निवेदन दिएको छ । यस्तै, आयोजनामा वैदेशिक लगानी भित्र्याउन कम्पनीले उद्योग विभागमा पनि निवेदन दिएको छ । चाइना हाइड्रो चीनको ठूलो प्रवद्र्धक कम्पनी हो । ०६७ मै सर्वेक्षण लाइसेन्स पाएको चाइना हाइड्रोले माथिल्लो त्रिशूली २ को विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गरी विभागमा बुझाएको छ ।

हाइड्रो चाइनाले विद्युत् उत्पादन लाइसेन्सका लागि निवेदन दिएको विभागका महानिर्देशक समीररत्न शाक्यले जानकारी दिए । "हाइड्रो चाइनाको प्रस्तावको अध्ययन गरेर छिट्टै लाइसेन्स दिनेछौं," उनले भने, "उसको प्रस्ताव विभागले अध्ययन गरिरहेको छ ।" शाक्यका अनुसार विभागले लाइसेन्सका लागि प्रक्रिया अघि बढाएको छ । आयोजनाको अनुमानित लागत साढे १६ अर्ब रुपैयाँ छ ।

हाइड्रो चाइनाले जलविद्युत्मा वैदेशिक लगानी ल्याउन उद्योग विभागमा निवेदन दिएको छ । विभागका निर्देशक विपिन राजभण्डारीले ठूलो लगानीको प्रस्तावसहित उसले निवेदन दिएको बताए । उसको प्रस्तावको अध्ययन गरेर चाँडै लगानी ल्याउन अनुमति दिने उनले जानकारी दिए ।

आयोजनाबाट उत्पादन हुने बिजुली नेपालमा बेच्ने वा निकासी गर्ने भन्ने विषयमा अझै निश्चित नभएको विभागले जनाएको छ । विभागका अनुसार आयोजना आर्थिक एवं प्राविधिक रूपमा आकर्षक देखिएपछि चाइना हाइड्रोले निर्माणका लागि लाइसेन्स लिन विभागमा निवेदन दिएको हो । आयोजना रसुवा जिल्लाको हाकु गाविसमा पर्छ । हाइड्रो चाइनाको सर्वेक्षण लाइसेन्सको म्याद सकिएपछि विद्युत् उत्पादनको लाइसेन्सका लागि निवेदन दिएको छ । विद्युत् ऐनको दफा ५ अनुसार आयोजनाको लाइसेन्स म्याद सकिएको थियो । चाइना हाइड्रोले चीनसहित पाकिस्तान, अफ्रिका र ल्याटिन अमेरिकामा ठूला जलविद्युत् आयोजना निर्माण गरेको छ । नेपालमा भने उसको यो पहिलो ठूलो आयोजना हो ।

**चिनियाँ लगानी बढ्दै**

पछिल्लो समयमा नेपालमा चिनियाँ लगानी बढ्न थालेको छ । जलविद्युत्, सिमेन्ट, खानी उत्खनन लगायतका क्षेत्रमा चिनियाँ लगानी भित्रिएको हो । लगानी बोर्ड र उद्योग विभागका अनुसार हालसम्म चिनियाँले विभिन्न क्षेत्रमा २ खर्ब ९० अर्ब रुपैयाँभन्दा बढी लगानी ल्याउने प्रतिबद्धता जनाएका छन् । सबैभन्दा ठूलो लगानी साढे ७ सय मेगावाटको पश्चिमसेती आयोजनामा आउने जनाइएको छ । लगानी बोर्डले यसमा चाइना थ्री गर्जेज कर्पोरेसनलाई १ खर्ब ६० अर्ब रुपैयाँ लगानी ल्याउन अनुमति दिएको छ । यस्तै होङ्सी सिमेन्ट उद्योगलाई ३५ अर्ब, हुवाजिन सिमेन्ट उद्योगलाई १४ अर्ब, २५ मेगावाटको मादी आयोजना बनाउन चाइना वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसनलाई ४ अर्ब रुपैयाँ लगानी ल्याउन स्वीकृत दिएको छ । हालसम्म चीनका ३ कम्पनीले जलविद्युत् र २ कम्पनीले सिमेन्ट र एक कम्पनीले खानी उत्खननका लागि प्रस्ताव गरेका छन् ।

चीनको सिनो हाइड्रो कर्पोरेसनले निर्माण गरिरहेको ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी आयोजना आगामी भदौमा सम्पन्न हुँदैछ । यस्तै चाइना वाटरले निर्माण गरिरहेको २५ मेगावाटको माथिल्लो मादी आयोजना पनि दसैंअघि नै सम्पन्न हुँदैछ । आगामी आर्थिक वर्षमा चिनियाँ लगानीका आयोजनाबाट ७५ मेगावाट विद्युत् उत्पादन हुँदैछ ।

श्री गर्जेजले पश्चिमसेती आयोजनाको अध्ययन गरिरहेको छ । यस्तै होङ्सीले शिवम्सँगको सहकार्यमा सिमेन्ट प्लान्ट निर्माण सुरु गरिसकेको छ । यस्तै हुवाजिनले पनि कारखाना राख्न जग्गा खरिद गर्दैछ । चीनको छाइयूएन मिनरल्स प्रालिले नेपाल मेटल कम्पनी लिमिटेडको व्यवस्थापन लिने प्रस्ताव पेस गरेको छ ।

कारोबार, २०७३/२/३१

# आगामी वर्षदेखि विद्युत् प्राधिकरणको खण्डीकरण हुने

सरकारले नेपाल विद्युत् प्राधिकरणले गर्दै आएको विभिन्न व्यवसायलाई टुक्र्याई फरक संस्थामार्फत काम अघि बढाउने भएको छ ।

आगामी आर्थिक वर्ष ०७३/०७४ भित्र प्राधिकरणले गर्दै आएको उत्पादन, प्रसारण, वितरण र विद्युत् व्यापारको काम अब छुट्टाछुट्टै संस्थाबाट हुने भएको छ । सरकारले प्राधिकरणको व्यवसाय खण्डीकरणका लागि उत्पादनतर्फ राष्ट्रिय जलविद्युत् उत्पादन कम्पनी, प्रसारणलाइनतर्फ राष्ट्रिय प्रसारण ग्रीड कम्पनी र विद्युत् खरिद बिक्रीका लागि राष्ट्रिय विद्युत् व्यापार कम्पनी स्थापना गरेको छ ।

खण्डीकरण प्रक्रियाअन्तर्गत आयोजना, प्रसारणलाइन र वितरण प्रणालीको डिजाइन, विकास र सुपरीवेक्षण गर्ने लगायतका प्राविधिक विषयमा परामर्श सेवा दिन विज्ञ सम्मिलित छुट्टै संयन्त्रको निर्माण गर्ने तयारी सरकारको छ । उत्पादन, प्रसारण, वितरण र खरिद बिक्रीलगायत सबै काम एउटै संस्थामार्फत गर्दा प्रभावकारी परिणाम आउन नसकेको ठहर गर्दै सरकारले प्राधिकरणको व्यवसायलाई टुक्र्याई खण्डीकरण प्रक्रिया थालेको हो ।

उत्पादन कम्पनीले ठूला तथा जलासययुक्त आयोजना बनाउने छ । उत्पादन र प्रसारण पूर्वाधार विकासका लागि बेग्लै कम्पनी स्थापना हुने भएपछि वितरण विभागमात्र प्राधिकरणको जिम्मामा हुनेछ । नयाँ गठन हुने उत्पादन, प्रसारण र व्यापार कम्पनीलाई आवश्यक स्वपुँजी (ईक्युटी) लगानीको व्यवस्था सरकारले गरेको ऊर्जा मन्त्रालयका उपसचिव गोकर्ण पन्थले बताए । गठन हुने कम्पनीलाई आवश्यक स्वपुँजी राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशक सम्बन्धित कार्ययोजनामार्फत बजेट विनियोजन गरिएको उनले जानकारी दिए ।

कार्ययोजनाका लागि मात्र सरकारले ७ अर्ब रूपैयाँ बजेट विनियोजन गरेको छ । आगामी आवका लागि सरकारले उत्पादन, प्रसारण र वितरण प्रणालीलगायत अन्य आयोजनाका लागि ४७ अर्ब ९९ करोड ५० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

०६७ सालदेखि सरकारले राष्ट्रिय ग्रीड कम्पनी गठन गरे पनि प्राधिकरणमा कार्यरत कर्मचारी संगठनहरूले अवरोध गरेपछि यसले पूर्णता पाएको छैन । कर्मचारी संगठनहरू अझै पनि खण्डीकरणको विपक्षमा भएकाले यसले पूर्णता नपाएको हो । प्राधिकरणले सहायक कम्पनी गठन गरेर चिलिमे, माथिल्लो तामाकोसी, रसुवागढीलगायत आधा दर्जनभन्दा बढी आयोजना निर्माण सुरू गरेर आफूले थप आयोजना निर्माणको काम बन्द गरेको छ ।

प्रसारणलाइन कम्पनीले विभिन्न आयोजनाको बिजुली प्रवाह गरेवापत शुल्क (ह्विलिङ चार्ज) लिनेछ । हालसम्म ह्विलिङ चार्ज तय भएको छैन । मन्त्रिपरिषद्ले कम्पनीमा संस्थापक सेयर सदस्य स्वीकृत गरिसकेको छ । कम्पनीमा वन तथा भूसंरक्षण, विज्ञान प्रविधि तथा वातावरण, भूमिसुधार तथा व्यवस्था र सूचना तथा सञ्चार मन्त्रालय रहनेछन् ।

राष्ट्रिय जलस्रोत रणनीतिमा प्राधिकरणलाई खण्डीकरण गर्ने उल्लेख छ । एसियाली विकास बैंक (एडीबी) र विश्व बैंकले उत्पादन, प्रसारण र वितरण एउटै संस्थाले गर्दा प्रभावकारी कार्यसम्पादन हुन नसक्ने भन्दै प्राधिकरणलाई खण्डीकरण गर्न १५ वर्षअघि नै सुझाइसकेको थियो ।

कारोबार, २०७३/२/३१

## माथिल्लो कर्णाली आयोजनामा समितिको चासो

*महेन्द्र सापकोटा*

दैलेख ३१ जेठ–लामो समयदेखि विवादमा रहेको माथिल्लो कर्णाली जलविद्युत आयोजनाको सरकारका तर्फबाट गरिनुपर्ने काममा ढिलाई हुन नदिने संसदको कृषि तथा जलश्रोत समितिका सभापति गगन थापाले बताएका छन् । भारतीय कम्पनी प्रवद्र्धक जीएमआरले गरिरहेको कामको स्थलगत अनुगमन गर्न यहाँ आएका थापाले सरकारबाट हुने काममा ढिला हुन नदिने बताएका हुन् ।

आयोजनाको निर्माण कार्य ढिलाईबारे चासो लिएर एक दर्जन भन्दा बढी साँसदहरु सहितको संसदीय टोलीले आयोजना निर्माणस्थल दैलेखको सात्तलाको डाबमा पुगी स्थानीय बासिन्दा र सरोकारवालासंग छलफलपछि आफूलाई धेरै बास्तविकता थाहा भएको थापाले भनाइछ । सरोकारवालाहरुले जीएमआर आफैले पनि ढिला गर्दै जाने यसैलाई बाहना बनाएर छोड्दा बढी क्षतिपूर्ति माग्ने दाउपेचमा रहेको आरोप सन्दर्भमा समितिका सभापति थापाले केही राजनीतिक दलहरुको असहमतीले पैदा भएको व्यवधानले पटक पटक जीएमआरले काममा ढिलाई गर्दै समय थप्न सहुलियत लिएको तर छोड्न संभावना कम रहेको बताए ।

साँसद सीता नेपालीले सरकारको नीति र प्रक्रियाबाट लगानी आफै खोजी माथिल्लो कर्णाली आयोजना बनाउन आएको जीएमआर कम्पनीलाई फर्काउदा वैदेशिक लगानी कर्तामा नकारात्मक छाप पर्ने तर्क राखिन् । वैदेशिक रोजगारीमा गएकाहरुको रेमिटेन्स भित्र्याएर रमाउने होइन, विदेशी लगानीमा यूवालाई स्वदेशमै रोजगारका अवसर सिर्जना गर्नुपर्ने साँसद नेपालीको भनाई छ । संसदको कृषि तथा जलश्रोत समितिका सदस्य दैलेख क्षेत्र नं. २ का साँसद लक्ष्मीप्रसाद पोखरेलले स्थानीयले रोजगारी र आर्थिक, सामाजिक विकासको अवसर सिर्जना गर्ने भएकोले आयोजना निर्माण हुनेमा आफू विश्वस्त रहेको बताए ।

जीएमआरका के के सिंहले ५ वर्ष अघि कार्यालयमा आगजनी, आयोजना स्थलमै राजनीतिक दलहरुले गर्ने बिरोधसभादेखि विभिन्न अवरोध तथा अस्थिरता काम गर्न केही ढिला भए पनि आफूले फर्किएर जाने सोच नरहेको बताए । लगानी बोर्डका सहसचिव रबि भट्टराईले माथिल्लो कर्णालीको विद्युत प्रसारण गृह भारतमा बनाइने, विद्युत नेपालले किन्न नपाउन भन्ने गलत हल्ला फैलाइएकोमा आपत्ति जनाए । आयोजनाको बिरोध गर्न आउनेसंग स्थानीयले विकासमा बाधा नहाल्न सचेत गराउने र प्रतिवाद समेत गर्ने गरेका छन् । दैैलेखको डाबमा ३० मीटर अग्लो बाँध बाधी करिब ३ किलोमीटरको टनेलबाट अछाममा बल्देमा करिब डेढ सय मीटर तल पानी खसालेर ८ वटा टरवाइनबाट ९ सय मेगावाट विद्युत उत्पादन गरिने लक्ष्य छ । त्यस मध्ये १ सय ८ मेगावाट विद्युत नेपालमा निःशुल्क दिइनेछ । सरकारी बन क्षेत्र २ सय ७२ हेक्टर र निजी जग्गाधनीको करिब ५० हेक्टर जग्गा निमाण कार्यका लागि प्रयोगमा लिइनेछ ।

गोरखापत्र, २०७३/२/३१

# माथिल्लो तामाकोसीको उनासी प्रतिशत कार्य पूरा

राष्ट्रिय गौरवको आयोजनाका रुपमा लिइएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको ७९ प्रतिशत कार्य सम्पन्न भएको छ ।

विसं २०७३ सालमै सम्पन्न गर्ने लक्ष्य लिइएको तामाकोसी आयोजना भूकम्प र नाकाबन्दीका कारण काम रोकिएपछि एक वर्ष पछि धकेलिएको हो । लामाबगर गाविसमा निर्माण भइरहेको ४५६ मेगावाट विद्युत् क्षमता भएको सो आयोजना २०७३ सालभित्र सम्पन्न गर्ने बताइएको थियो ।

आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेले २०७३ पुसमा काम सम्पन्न गरी उत्पादन गर्ने योजनाको साथ अघि बढिरहेका अवस्थामा भूकम्प र नाकाबन्दीका कारण एक वर्ष ढिलाइ भएको बताउनुभयो । “निर्धारित समयमै काम सम्पन्न हुन्छ,” उहाँले भन्नुभयो । करिब रु ३५ अर्बमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिए पनि निर्माण सम्पन्न हुँदासम्म रु ५० अर्ब पुग्ने अनुमान गरिएको छ ।

प्रवक्ता न्यौपानेले हाल लामाबगरमा विद्युत् गृहको कामबाहेक अरु सबै काम सञ्चालन भइरहेको बताउनुभयो । लामाबगर पुुग्ने बाटोमा भूकम्पसँगै आएको पहिरो नरोकिएका कारण काभ्रे भिरबाट लामाबगरको मौरैखोलासम्म ३६० मिटर लामो सुरुङ निर्माण भइरहेको छ । सुरुङ निर्माणको काम आयोजनाको मुख्य ठेकेदार कम्पन्नी सिनोहाइड्रोले गरिरहेको छ । रासस

अभियान, २०७३/२/३१

# बन्ने भयो लिपिङखोला जलविद्युत् आयोजना

सिन्धुपाल्चोक जिल्लाको  तातोपानी गाविसस्थित लिपिङखोलामा १६ दशमलव २६ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण हुने भएको छ । नेपाल र चीनको सीमानजिकै रहेको लिपिङखोलामा हिमरिभर पावर कम्पनीले उक्त आयोजना निर्माण गर्ने भएको हो । नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरीदविक्री सम्झौता भइसकेको आयोजनाका सञ्चालक रामकाजी पौडेलले बताए । स्वदेशी पूँजी र स्रोतमा आयोजनाको निर्माण कार्य चाँडै नै शुरू हुँदै छ ।

२०७७ वैशाखमा उत्पादन शुरू गर्ने लक्ष्य लिइएको आयोजनामा रू. ३ अर्ब लागत लाग्ने अनुमान छ । परियोजनामा ७० प्रतिशत बैङ्क ऋण र ३० प्रतिशत इक्विटी शेयर लगानी गरिने कम्पनीले बताएको छ । आयोजनाबाट उत्पादित विद्युत् लामोसाँघुमा रहेको सबस्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ । यसअघि पनि विभिन्न परियोजना निर्माण गरिसकेकाहरूको संलग्नता रहेका कारण परियोजना समयमै सकिने विश्वास लिइएको छ । हिमनदी र पर्याप्त पानीको स्रोत रहेको सो परियोजनाबाट हिउँदमा पनि उत्तिकै मात्रामा विद्युत् उत्पादन हुनेछ ।

कारोबार, २०७३/३/१

# बूढीगण्डकीबाट विस्थापितलाई नुवाकोट ल्याउने तयारी

*रामहरि न्यौपाने*

बूढीगण्डकी जलासययुक्त आयोजनाबाट विस्थापन हुने घरधुरीलाई नुवाकोटमा व्यवस्थापन गरिने भएको छ । आयोजनाले जग्गा अधिग्रहणको काम सुरू गरेपछि विस्थापित हुन लागेका ८ हजार घरपरिवारको व्यवस्थापन धादिङ र गोरखामा मात्र समाधान गर्न समस्या हुने भएपछि बासस्थान र जग्गाको सहज उपलब्धता गराएर नुवाकोट ल्याउन लागिएको हो । १ हजार २०० मेगावाट क्षमताको जलासययुक्त आयोजना निर्माणबाट विस्थापित हुनेहरूको लगत संकलनको काम अन्तिम चरणमा पुगेकाले बस्ती व्यवस्थापन सुरू गर्ने तयारी थालिएको छ । लगत संकलनको काम पूरा भएसागै दुवै जिल्लाका प्रभावित बासिन्दालाई मुआब्जा वितरणको प्रक्रिया अगाडि बढाउने तयारी गरिएको आयोजनाले जनाएको छ ।

आयोजना निर्माणले विस्थापित बासिन्दालाई नुवाकोट ल्याउने विषयमा छलफल जारी रहेको नेकपा एमाले नुवाकोटका अध्यक्ष नारायणप्रसाद खतिवडाले बताए । आयोजना निर्माणबाट धादिङ र गोरखाको २७ गाविसबाट ८ हजारभन्दा बढी प्रभावित बासिन्दालाई नुवाकोट ल्याउने विषयमा छलफल जारी रहेको खतिवडाले जानकारी दिए । बूढीगण्डकी आयोजनाबाट विस्थापितलाई नुवाकोट ल्याउन सकेमा नुवाकोटलाई समृद्ध बनाउन सकिने भएकाले जिल्ला भित्र्याउन पहल गरिएको नुवाकोट उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष भुवनलाल राजभण्डारीले बताए ।

आयोजनाबाट विस्थापितलाई सरकारले 'बूढीगण्डकी भिलेज'को कोलनी निर्माण गरी बस्ती राख्ने तयारी गरेकाले विदुर नगरपालिका, खानीगाँउ गाविसको ढिकुरे, चौघडा, लिखु र तादी खोलाको आसपासका स्थानमा बासोबास बसाउन सकेमा नुवाकोट समृद्ध बनाउन सहयोग पुग्ने भएकाले पनि पहल जारी राखेको उपाध्यक्ष राजभण्डारीले बताए । विस्थापितहरूको चाहनाअनुसार मध्यस्तरको हावापानी, त्रिशूली र तादीनदीको आसपास ब्राह्मण, क्षेत्री र राई समुदायको बस्ती रहेको स्थानमा जग्गा र 'बूढीगण्डकी भिलेज' निर्माण गरी व्यवस्थापन गर्न सकिने गरी नुवाकोटका सरोकारवालाहरूसँग छलफल अघि बढाएका छन् ।

आयोजनाबाट कम्तीमा ३० हजार परिवार विस्थापित हुने प्रारम्भिक अध्ययनमा देखिएको छ । प्रारम्भिक अध्ययनमा आयोजना निर्माणको लागि दुई खर्ब ५० अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ । अबको पाँच वर्षभित्र आयोजना पूरा गर्ने लक्ष्य रहेकाले अर्को जग्गाअधिग्रहण, प्रभावित बासिन्दालाई स्थानान्तरणको प्रक्रिया मुख्य चुनौती रहेकाले उनीहरूको चाहनाअनुसार व्यवस्थापन गर्न सकेमा निर्माण सुरू गर्न सहज हुने आयोजनाले जनाएको छ । आयोजना धादिङ र गोरखा सीमा भएर बग्ने बूढीगण्डकीमा पर्छ । आयोजनाले जग्गा अधिग्रहण, पुनःस्थापना र पुनर्वासका लागि ६१ अर्ब रूपैयाँभन्दा बढी रकम खर्चने भएको छ ।

कान्तिपुर, २०७३/३/१

# १६ मेगावाटको लिपिङसँग सम्झौता

चीनसँगको सीमा तातोपानीमा निर्माण हुन लागेको १६ मेगावाटको लिपिङ खोला आयोजना र विद्युत् प्राधिकरणबीच खरिद सम्झौता (पीपीए) भएको छ । आयोजनाको लागनीकर्ता हिमरिभर पावर कम्पनीले निर्माण गर्न लागेको उक्त आयोजना ०७७ वैशाखमा पूरा गर्ने लक्ष्य राखिएको छ ।

सम्झौतामा प्राधिकरणका उपकार्यकारी निर्देशक राजीव शर्मा र कम्पनीका प्रबन्ध सञ्चालक रामकाजी पौडेलले हस्ताक्षर गरेका छन् । सुक्खा र वर्षादमा प्रतियुनिट विद्युत् क्रमश: ८ रुपैयाँ ४० पैसा र ४ रुपैयाँ ८० पैसा दरमा खरिद सम्झौता भएको हो ।

पेनस्टक र हेडरेससमेत २ किलोमिटर टाढाबाट पानी ल्याएर पावर हाउसमा पुर्‍याइने छ । आयोजनाको हेडको लम्बाइ ८ सय ४० मिटर छ ।

करिब ३ अर्ब लागानी हुने अनुमान गरिएको आयोजनाको आगामी असोजबाट निर्माण सुरु गरिने छ । सञ्चालक पौडेलका अनुसार आयोजना स्वदेशी पुँजीमा निर्माण गरिने छ । उनका अनुसार स्थानीयलाई १० प्रतिशत सेयर प्रदान गरिने छ । उत्पादित विद्युत् लाइन राष्ट्रिय प्रसारण लाइनको लामोसाँघु सबस्टेसनमा जोडिने छ ।

नयाँ पत्रिका, २०७३/३/१

# प्राधिकरणलाई छल्दै पिपिए दर तय गर्न कार्यदल गठन

**तिला १ र २ जलविद्युत् आयोजना-**

**ऊर्जामन्त्री टोपबहादुर रायमाझीले २४ जेठमा सहसचिव चिरञ्जीवी चटौतको संयोजकत्वमा कार्यदल गठन गरे-**

**सचेन गौतम**

ऊर्जा मन्त्रालयले ४ सय ४० मेगावाटको तिला–१ र ४ सय २० मेगावाटको तिला–२ जलविद्युत् आयोजनासँग विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) दर तय गर्न कार्यदल गठन गरेको छ । उपप्रधानमन्त्री एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझीले २४ जेठमा मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतको संयोजकत्वमा पिपिएका लागि आयोजनाका प्रवद्र्धकसँग सीधै वार्ता गर्ने गरी कार्यदल गठन गरेका हुन् । कानुनी र प्रक्रियागत रूपमा नेपाल विद्युत् प्राधिकरणमार्फत पिपिए हुने व्यवस्था छ । मन्त्रालयबाट निर्णय गराएर २ आयोजनासँग पिपिए गर्न प्राधिकरणलाई बाध्य पार्ने गरी कार्यदल गठन गरिएको स्रोतले बतायो । कार्यदलमा प्राधिकरणकातर्फबाट प्रतिनिधि भने राखिएको छ ।

भारतमा विद्युत् निर्यात गर्ने लक्ष्य लिएर भारतीय कम्पनी एससी पावरले दुवै आयोजनाको सर्वेक्षण अनुमतिपत्र (सर्भे लाइसेन्स) लिएको थियो । आयोजनाको विद्युत् नेपालकै खपतका लागि प्रयोग गर्ने कम्पनीले प्रस्ताव गरेपछि पिपिए दर सिफारिस गर्न कार्यदल गठन गरिएको मन्त्रायलयले जनाएको छ । कार्यदलले १५ दिनभित्र राय सुझाबसहितको प्रतिवेदन पेस गर्नेछ । 'प्रवद्र्धकसँग प्रस्ताव माग गर्ने, वार्ता गर्ने र आवश्यकताअनुसार मन्त्रालयको स्वीकृति लिई परामर्श सेवा प्राप्त गर्ने कार्यक्षेत्र दिइएको छ,' संयोजक चटौतले भने ।

कार्यदलमा मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर श्यामकिशोर यादव, कानुनका उपसचिव विष्णुप्रसाद अवस्थी, प्राधिकरणका निर्देशक विदुर ढुंगाना र विद्युत् व्यापार विभाग प्रमुख प्रबल अधिकारी छन् ।

**प्राधिकरण छल्दै ऊर्जा मन्त्रालयमा प्रस्ताव**

कम्पनीले पिपिएका लागि विद्युत् प्राधिकरणसँग प्रक्रिया अगाडि बढाउन पहल गर्नुको सट्टा पहुँचका आधारमा सीधै ऊर्जा मन्त्रालयमा निवेदन निवेदन दिएको छ । निजी क्षेत्रका जलविद्युत् प्रवद्र्धकले पिपिएका लागि अपनाउने प्रक्रियालाई छल्दै कम्पनीले मन्त्रालयमा निवेदन दिएको हो । पिपिए गराउन प्राधिकरणका पूर्वकार्यकारी निर्देशक हरिशचन्द्र शाह लागेका छन् । 'पूर्वकार्यकारी निर्देशकलाई पिपिएको सबै प्रक्रिया थाहा छ,' मन्त्रालय स्रोतले भन्यो, 'तर सबै थाहा भएर पनि उहाँ (शाह) सीधै मन्त्रिपरिषद्/मन्त्रालयबाट पिपिएको निर्णय गराएर प्राधिकरणलाई कार्यान्वयन गर्न बाध्य पार्ने गरी लाग्नुभएको छ ।' निजी क्षेत्रका जलविद्युत् आयोजनासँग पिपिए गर्ने अधिकार प्राधिकरणसँग छ ।

**'प्रभाव अध्ययन नगरी सम्भव नै छैन'**

ऊर्जा मन्त्रालदवारा यसअघि गठन गरिएको प्राविधिक कार्यदलले आयोजनाबाट उत्पादित विद्युत्ले प्रणालीमा पार्ने प्रभाव अध्ययन (जिआइएस) नगरिएसम्म पिपिए गर्ने/नगर्ने निर्णय गर्न नसकिने सुझाब दिएको थियो । मन्त्रालयले चटौतकै नेतृत्वमा प्राधिकरणका प्रतिनिधिसहितको प्राविधिक कार्यदल गठन गरेको थियो । जिआइएस, पिपिएका लागि प्राधिकरणमा निवेदन हाल्नुपर्ने र आयोजनाको क्षमताअनुसार प्रसारण लाइन तथा सब स्टेसनको सुनिश्चित भएपछि मात्रै प्रक्रिया अगाडि बढाउन सकिने सुझाब दिइएको कार्यदलका एक सदस्यले बताए । आयोजनाको निर्माण सन् २०२३ मा सक्ने लक्ष्य राखिएको छ ।

तर, प्राधिकरणले तयार पारेको प्रसारण लाइन गुरुयोजनाअनुसार, त्यस क्षेत्रमा प्रसारण लाइन २०२५ मा मात्रै बन्ने छ । 'प्राधिकरणको प्रणालीमा अहिले रहेको जडित क्षमताबराबरको आयोजनासँग पिपिए गर्दा प्राविधिक पक्षलाई पूरै व्यवस्था गर्न खोजिएको छ,' कार्यदलका ती सदस्यले भने, 'माग र आपूर्तिको सही प्रक्षेपण नगरी समग्र रूपमा मुलुकलाई दीर्घकालीन प्रभाव पर्ने निर्णय कसरी गर्न सकिन्छ ?'एउटा आयोजना विशेषलाई हेरेर बनाउनुभन्दा पनि सय मेगावाटमाथिका आयोजनाको छुट्टै पिपिए नीति बन्नुपर्ने उनले बताए । प्राधिकरणले अहिले सय मेगावाटसम्मका आयोजनाका लागि पिपिए नीति तय गरेको छ ।

**सर्भे लाइसेन्स ५ वर्ष पूरा**

कम्पनीले २ आयोजनाको सम्भाव्यता अध्ययन गर्न लिएको सर्भे लाइसेन्सको ५ वर्ष पूरा भएको छ । विद्युत् ऐन ०४९ ले सर्भे लाइसेन्सको अवधि ५ वर्ष रहने व्यवस्था गरेको छ । ऊर्जा मन्त्रालयले २० चैत ०६५ मा आयोजनाको सर्भे लाइसेन्स दिएको थियो । कम्पनीले २२ फागुन ०७० मा उत्पादन अनुमतिपत्र (जेनेरेसन लाइसेन्स)का लागि विद्युत् विकास विभागमा निवेदन दिएको छ । लाइसेन्स दिने/नदिनेमा मन्त्रालयले केही निर्णय गरेको छैन ।

**१० हजार मेगावाटको सूचीमै छैन**

सरकारले १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्यसहित गत फागुनमा राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणपत्र ल्याएको थियो । यस अवधिमा निर्माण हुने आयोजनाको सूची तयार गरिएको छ । तर, सूचीमा तिला–१ र तिला–२ आयोजना छैनन् । भारतमा विद्युत् निर्यात गर्ने गरी दुवै आयोजनाले लाइसेन्स लिएका हुन् । 'निर्यातमूलक भएकाले दुवै आयोजना सूचीमा परेनन्,' ऊर्जा मन्त्रालय स्रोतले भन्यो, 'भारत विद्युत् बिक्री गर्न बजार अनिश्चित र सस्तो देखेपछि सायद नेपालमै बिक्री गर्न लागेका हुन सक्छन् ।'

भारतमा विद्युत् मूल्य घटिरहेको छ । भारतमा प्रतियुनिट विद्युत् मूल्य भारतीय रुपैयाँ २ मात्रै छ । यसअघि बजार अनिश्चित भएपछि नर्वेजियन कम्पनी स्टेट क्राफ्टले ६ सय ५० मेगावाटको तामाकोसी तेस्रोबाट हात झिकेको थियो ।

**डलरमा विद्युत् बिक्रीको प्रस्ताव**

प्राधिकरणले ३ वर्षअघि भारतमा विद्युत् निर्यात गर्ने लक्ष्य राखेका जलविद्युत् आयोजनाका प्रवद्र्धकसँग हिउँदको विद्युत् बिक्रीका लागि प्रस्ताव आह्वान गरेको थियो । तिला–१ र २ आयोजनाले पनि हिउँदको (मंसिर–वैशाख) बिजुली विद्युत् प्राधिकरणलाई बेच्ने आशय प्राधिकरणसमक्ष पेस गरेको थियो । आयोजनाले लगानी अमेरिकी डलरमा हुने भन्दै बिजुली पनि डलरमै बेच्ने प्रस्ताव गरेका थिए । प्राधिकरणले निर्यातमूलक आयोजनाको बिजुली अत्यधिक बिजुलीको माग हुने हिउँदका ५ महिना (मंसिर–वैशाख) प्रतियुनिट अधिकतम १० रुपैयाँ ६० पैसामा किन्ने निर्णय गरेको थियो । आयोजनाले डलरमा बेच्ने प्रस्ताव पेस गरेपछि प्रक्रिया रोकिएको थियो ।

- See more at: http://www.enayapatrika.com/2016/06/68991#sthash.lqMcSoVG.dpuf

कारोबार, २०७३/३/२

# माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले गति लियो

***तामाकोसी वारी सुरुङ; पारी केबुलकार***

*दिलबहादुर केसी*

दोलखा, २ असार – भूकम्पका कारण निर्धारित कार्यतालिका अनुसार निर्माणको प्रगति हुन नसकेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको कामले पुनः गति लिन थालेको छ । आयोजनाको कामलाई गतिशील बनाई चाँडो काम पूरा गर्न प्रवेशमार्ग निर्माणलाई तीव्रता दिइएको छ ।

भूकम्पले क्षतिग्रस्त प्रवेश मार्गको काब्रेभीरमा सुरुङमार्ग निर्माण सुरु गरिएको छ । विद्युत्गृह गोंगरदेखि बाँधस्थल लामाबगर गाउँसम्मको ११ किलोमिटर सडक खण्डमा पर्ने काब्रेभीरमा करिब ३ सय ६० मिटर लामो सुरुङमार्गको निर्माण थालिएको हो । अर्को करिब ३ किलोमिटर सडक खोल्ने काम सम्पन्न गरेपछि आयोजनाको जलाशय क्षेत्र हेडवर्कसम्म मोटर चालू हुनेछ ।

आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले सुरुङ निर्माणका लागि दुवैतिरबाट तयारी भइरहेको बताए । "सिनोले काम तयारी पूरा गरेको छ," उनले भने "छिटो काम गर्न बुमर उपकरण ल्याउँदै छ, सम्भवतः एक साताभित्र काम सुरु हुन्छ ।" आयोजनाको १६ किलोमिटरभन्दा बढी सुरुङ सामान्य जनशक्तिकै बलमा निर्माण भएको हो ।

अहिलेसम्म काब्रेभीरसम्मको सडक मर्मत गर्‍न र सिंगटीदेखि क्षतिग्रस्त ३३ केभी प्रसारण मर्मत गर्न समय लागेको उनले बताए । डिजेल बोक्ने बाटोसमेत नभएकाले विद्युत् पावरका कारण बाँध र हेड रेस सुरुङमा जमेको पानी निकाल्नसमेत सकिएको छैन ।

सुरुङमार्ग बनेपछि लामाबगरसम्म ३३ केभी विद्युत् लाइन सुचारु हुनेछ । त्यसपछि मात्र सुरुङमा जमेको पानी फाल्ने र हेडवक्सको काम सुचारु गर्ने आयोजनाको योजना छ । हेड रेस सुरुङको ३ किलोमिटरसम्म पानी जमेको छ ।

भूकम्पले ठूलो क्षति पु¥याएको काब्रेभीरको बाहिरी सडक टिकाउ नहुने निष्कर्षपछि भूमिगत मार्ग बनाउन थालिएको आयोजनाले जनाएको छ । "बाहिरीसतह कमजोर भएकाले परिपक्व र सधैं चालू हुने गरी सुरुङमार्ग निर्माण थाल्यौं," आयोजनाका प्रमुख कार्यकारी अधिकृत प्रमुख विज्ञानप्रसाद श्रेष्ठले भने । ०७२ वैशाख १२, १३ र २९ गतेको भूकम्पले आयोजना प्रवेशमार्गको सिंगटीदेखि लामावगरसम्म ठाउँ–ठाँउका चेनेजहरू ध्वस्त पारेको थियो ।

भूकम्पले केही भासिएको भनिएको निर्माणाधीन जलाशय क्षेत्रसम्म पुग्नका लागि सडक अबरुद्ध भएको १ वर्षपछि भूमिगत बाटो अर्थात् सुरुङमार्ग बनाउन थालिएको हो । भूकम्पपछि बाटो सुधार नहुँदा लामावगर र तिब्बती सिमाक्षेत्रका बासिन्दालाई हिँडडुलमा समेत बाधा परेको छ । खोलादेखि १ किलोमिटर ठाडो भीरबाट छिचोलिएको सडक सामान्य कम्पन र वर्षात्को पानीले समेत भत्कने आयोजनाले औंल्याएको छ ।

सुरुङमार्गको अनुमानित खर्च साढे ११ करोड हुने अनुमान छ । पटक–पटक सडक अबरुद्ध हुँदा काममा ढिलासुस्तीको क्षतिपूर्ति र मर्मतमा लाग्ने खर्चको हिसाब गर्दा भूमिगत मार्ग नै उपयुक्त विकल्प निकालिएको हो ।

रोल्वालिङ डाइभर्सनका लागि रोपवे

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा रोल्वालिङ खोलाको पानी मिसाइ थप विद्युत् उत्पादन गर्ने कार्य अगाडि बढाउन रोपवे बनाइने भएको छ ।

निर्माण कार्य सकिएपछि रोपवेलाई केबल कारको रुपमा विस्तार गर्ने सोच आयोजनाको छ । अत्यन्त कठिन र जटिल भौगोलिक अवस्था भएकाले छेतछेतदेखि सिमिगाउँको तल्लो क्षेत्र हुँदै गौरीशंकर गाविसको रिखु गाउँसम्म रोपवे बनाउने परिकल्पना गरिएको हो । त्यसको लम्बाइ करिब साढे २ किलोमिटर हुने आयोजना प्रवक्ता न्यौपानेको भनाइ छ । माथिल्लो तामाकोसीको जलाशयमा ६ किलोमिटर नयाँ सुरुङबाट सुक्खा मौसममा रोल्वालिङ खोलाको पानी मिसाइ वार्षिक १७ करोड युनिट थप विद्युत् उत्पादन गर्ने बताइएको छ ।
रोल्वालिङ डाइभर्सनअन्तर्गत रोल्वालिङ खोलामा सानो इन्टेक र इन्टेकदेखि माथिल्लो तामाकोसीको जलाशयसम्म करिब ६ किलोमिटर सुरुङ निर्माण हुने गरी जर्मनीको परामर्शदाता लाह्मेर इन्टरनेसनलले डिजाइन गरिरहेको र डिजाइनको काम अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ ।
रोपवेसहित रोल्वालिङ डाइभर्सनको निर्माण कार्य भने माथिल्लो तामाकोसी जलविद्युत् आयोजना सम्पन्न भएपछि मात्र निर्माण सुरु गर्ने तयारी छ । रोपवेलाई केबलकारमा परिणत हुँदा रोल्वालिङ क्षेत्रमा जाने पर्यटकसमेत लाभान्वित हुनेछन् ।
माथिल्लो तामाकोसी जलविद्युत् आयोजनालाई जिल्लाको उत्तरी क्षेत्रको कायापलट गर्ने आयोजनाको रूपमा लिइन्छ । आयोजनाले दोलखा बजारदेखि लामाबगरसम्मको ६८ किलोमिटर कठिन भीरपाखा छिचोल्दै सडक निर्माणपछि उत्तरी क्षेत्रमा एक दर्जनभन्दा बढी अन्य जलविद्युत् आयोजना निर्माण हुँदै छन् ।
आयोजनाको हालसम्म झन्डै ८० प्रतिशत काम पूरा भएको छ । आयोजनामा विद्युत्गृहको काम र प्रसारण लाइनको काम भइरहेको छ । लट २ र ३ को उपकरण र पेनस्टक पाइपको ढुवानीको कामसमेत जारी छ । आयोजनालाई ०७४ को अन्त्यसम्म पूरा गर्ने लक्ष्य राखिएको छ ।

कारोबार, २०७३/३/३

## विद्युत् उत्पादन बर्सेनि लक्ष्यभन्दा न्यून

सरकारले हरेक वर्ष विद्युत् उत्पादन बढाउने महत्वाकांक्षी लक्ष्य लिए पनि उपलब्धि भने निराशाजनक रहेको तथ्यांकले देखाएको छ । एक वर्षभित्रै सम्पन्न हुने आयोजनाका सम्बन्धमा समेत सरकारी प्रक्षेपण फितलो देखिनुलाई अध्ययन र अनुसन्धानको कमजोरीका रूपमा लिइएको छ । चालू आर्थिक वर्षमा मात्रै ६ सय मेगावाट विद्युत् उत्पादनको महत्वकांक्षी लक्ष्य लिइएकोमा जम्मा ३४ मेगावाट मात्र राष्ट्रिय प्रसारणलाइनमा जोडिएको छ ।

तत्कालीन अर्थमन्त्री डा. रामशरण महतले चालू आवको बजेटमा लोडसेडिङ घटाउन ६ सय मेगावाट विद्युत् उत्पादन थपेर जडित क्षमता १ हजार ४१८ मेगावाट पु¥याउने योजना सार्वजनिक गरेका थिए । ऊर्जा मन्त्रालयको सहमति बेगर ल्याइएको महत्वाकांक्षी योजना भन्दै त्यतिबेलै यसको चर्को विरोध भएको थियो ।

चालू आर्थिक वर्षमा ७ जलविद्युत् आयोजना मात्र सम्पन्न भई राष्ट्रिय प्रसारणलाइनमा ३४ मेगावाट मात्र विद्युत् जोडिएको छ । अब यो आर्थिक वर्षभित्र थप विद्युत् उत्पादन नहुने स्वतन्त्र ऊर्जा उत्पादक संस्था (इप्पान) ले जानकारी दिएको छ ।

चालू आवसम्म जडित क्षमता साढे ८४६ मेगावाट पुगेको छ । अहिलेसम्मका लक्ष्यसमेत पूरा नभएका बेला सरकारले आउँदो १० वर्षमा १० हजार मेगावाट बिजुली उत्पादन गर्ने महत्वकांक्षी योजना पनि सार्वजनिक गरिसकेको छ । ऊर्जा मन्त्रालयका सहसचिव दिनेशकुमार घिमिरे नाकाबन्दीले आयोजनाको काम ठप्प भएपछि सरकारी लक्ष्य पूरा नभएको बताउँछन् । “हामीले यसलाई पुनरावलोकन गरेर १५० मेगावाटको नयाँ योजना ल्याएको छ,” उनले भने, “यो लक्ष्य पनि आगामी मंसिरसम्म मात्र पूरा हुने देखिएको छ ।” नाकाबन्दीले अधिकांश आयोजनाको काम १ वर्षसम्म ढिलो भएको उनको जिकिर छ । ६ सय मेगावाटको लक्ष्य भारतबाट समेत आयात गरेर भनिएको हुनसक्ने उनको भनाइ छ ।

सरकारले चालू आवमा ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी, २५ मेगावाटको माथिल्लो मादी, २१ मेगावाटको हेवा ए, १० मेगावाटको मद्क्युखोला, २२ मेगावाटको माथिल्लो चाकुखोला, १३ मेगावाटको थापाखोलालगायत साना ठूला गरी २१ आयोजना सम्पन्न गर्ने भनेको घिमिरेले जानकारी दिए ।

भूकम्प र नाकाबन्दीले लक्षित आयोजनाको काम प्रभावित हुनुका साथै निर्माणको चरणमा रहेका अन्य आयोजना पनि अघि बढ्न नसकेको ऊर्जाको भनाइ छ । आर्थिक वर्ष सकिन १ महिना पनि बाँकी समय नरहेकाले चालू आवमा नयाँ आयोजनाबाट थप हुने संभावना छैन । चालू आवमा १ देखि १० मेगावाट क्षमताका आयोजना सम्पन्न भएका छन् ।

सरकारले कुनै आधारबिना नै लक्ष्य लिँदा पूरा नभएको ऊर्जा उत्पादकहरूको भनाइ छ । इप्पानका निवर्तमान अध्यक्ष तथा सानिमामाई हाइड्रोपावर लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सीईओ) डा. सुवर्णदाश श्रेष्ठ भूकम्प र नाकाबन्दीले आयोजना निर्माण प्रभावित भए पनि लक्ष्य नै हावादारी राखिएको

बताउँछन् । “त्रिशूली ३ ए, माथिल्लो तामाकोसी जोडेर बनाइएको हुनसक्छ,” उनले भने, “बजेटमा कार्यक्रम ल्याउँदा पर्याप्त गृहकार्यको अभाव देखिएको छ । पुग्ने आयोजना मात्र योजनामा राख्नुपर्छ ।” चालू आवमा सम्पन्न भएका आयोजनामा ८.५ मेगावाटको नौगाडखोला, १ मेगावाटको सुस्या बखरीखोला, ७ मेगावाटको माई क्यासकेड, २ मेगावाटको छयान्दी खोला, १० मेगावाटको अपर माईखोला, ४ मेगावाटको टुङ्गन ठोस्ने र २ मेगावाटको खानीखोला छन् । सबै आयोजना नेपाली लगानीमा बनेका हुन् । आयोजना बनाउन प्रवद्र्धकहरूले साढे ५ अर्ब रुपैयाँ बढी लगानी गरेका छन् । वार्षिक बिजुलीको माग झन्डै १ सय मेगावाटले बढ्ने तर सोही मागलाई पूरा हुने गरी स्वदेशमै उत्पादन गर्न नसक्दा लोडसेडिङ बढ्दै गएको छ ।